**https://doi.org/10.3126/irj.v3i2.61812**

# पाठ्यक्रम अनुरूपताका आधारमा कक्षा नौको नेपाली भाषापाठ्यपुस्तकको विश्लेषण

**महेशप्रसाद भट्ट**
*mahesh.bhatt@sac.tu.edu.np*
**सानोठिमी क्याम्पस, सानोठिमी भक्तपूर**

**कृष्णप्रसाद पोखरेल**
*pokhrelkp70@gmail.com*
**मध्यबिन्दु बहुमुखि क्याम्पस, कावासोति**

**लेखसार**

*प्रस्तुत लेख कक्षा नौको नेपाली भाषापाठ्यपुस्तकको अध्ययन विश्लेषणसँग सम्बन्धित रहेको छ । यसमा परिवर्तित पाठ्यक्रम २०७८ का आधारमा तयार पारिएको माध्यमिक तहअन्तर्गत कक्षा नौको भाषापाठ्यपुस्तक वि.सं. २०७८ भाषापाठ्यक्रम अनुरूपताको आधारमा के कस्तो छ भनी समीक्षण गरिएको छ । प्रस्तुत लेखको उद्देश्य पाठ्यक्रम अनुरूपताका आधारमा कक्षा नौको नेपाली भाषापाठ्यपुस्तकको विश्लेषण गर्नु रहेको छ । प्रस्तुत लेखमा गुणात्मक अनुसन्धान ढाँचाको प्रयोग गरिएको छ । यसमा मूलतः पुस्तकालयीय कार्यका माध्यमबाट सामग्रीहरु सङ्कलन गरिएको छ । यसमा वर्णनात्मक अनुसन्धान विधि अवलम्वन गरी उक्त पाठ्यपुस्तकको विश्लेषण गरिएको छ । प्रस्तुत लेखमा तहगत सक्षमता, कक्षागत सिकाइ उपलब्धि, विधाको क्षेत्र, तथा क्रम र विस्तृतीकरण, सिकाइ सहजीकरण प्रक्रिया र मूल्याङ्कन प्रक्रियाका आधारमा कक्षा नौको नेपाली भाषापाठ्यपुस्तक के कस्तो रहेको छ भनी त्यसको विश्लेषण गरिएको छ । यस लेखमा निर्दिष्ट पुस्तक भाषापाठ्यक्रमअनुरुप तयार पारिएको, पाठ्यक्रमले अपेक्षा गरेका कुराहरु प्राप्तितर्फ पाठ्यपुस्तक प्रवृत्त रहेको, निर्दिष्ट कक्षाको पूर्ववर्ती पाठ्यपुस्तकका तुलनामा यसलाई बढी व्यावहारिक तथा  कार्यकलापमूखी बनाइएको तथा उक्तपुस्तकहरुमा देखिएका  कसरमसर हटाउने प्रयत्न गरिएको कुराहरुलाई निष्कर्षका रूपमा प्रस्तुत गरिएको छ । प्रस्तुत लेखले सम्बन्धित क्षेत्रमा अध्ययन, अनुसन्धान गर्न चाहने तथा यस विषय क्षेत्रप्रति रुचि राख्ने सरोकारवाला सम्पूर्णमा अपेक्षित सहयोग पुऱ्याउने विश्वास गरिएको छ ।*

**मुख्य शब्दावली :** *भाषापाठ्यपुस्तक, तहगत सक्षमता, कक्षागत सिकाइ उपलब्धि, विधाको क्षेत्र, तथा क्रम र विस्तृतीकरण, सिकाइ सहजीकरण प्रक्रिया, विद्यार्थी मूल्याङ्कन प्रक्रिया ।*

**Received: 18 october, 2023 Revision Accepted: 28 november, 2023   Published: 12 December, 2023**

## अध्ययनको पृष्ठभूमि

भाषापाठ्यक्रमा निर्दिष्ट सक्षमताहरु पूरा गर्ने ध्येयले भाषापाठ्यपुस्तक तयार पारिन्छ । भाषापाठ्यपुस्तकमा ज्ञानभन्दा ज्यादा सीपलाई जोड दिइन्छ (भण्डारी र पोखरेल, २०७५, पृ.२४०) यसमा विषयगत विविधता भेटिन्छ, जसले विद्यार्थीमा भाषिक सिप विकासमा अहम् भूमिका खेल्दछ ।

यसलाई भाषापाठ्यक्रमका सैद्धान्तिक कुराहरू, तथा त्यसका उद्देश्य र अपेक्षालाई व्यावहारिक रूपमा उतार्ने साधन पनि मानिन्छ ।

नेपालमा विद्यालय तहमा शिक्षालाई व्यावहारिक, सिपमूलक तथा समसायियिक बनाउन समय समयमा पाठ्यक्रम परिमाजैन गरिदै आइएको छ । निर्मित पाठ्यक्रम अनुरूप विभिन्न कक्षाका पाठ्यपुस्तक तयार पारी कार्यान्वयनमा ल्याएएको पाइन्छ । यस सन्दर्भमा माध्यमिक शिक्षा (कक्षा ९ र १०) पाठ्यक्रम, २०७८ को मर्म अनुरूप कक्षा नौका लागि नेपाली भाषापाठ्यपुस्तक तयार पारी प्रयोगमा ल्याइएको देखिन्छ । भाषापाठ्यक्रमका अपेक्षाहरु पुरा गर्ने अभिप्रायले विषयविज्ञद्वारा तयार पारिएको निर्दिष्ट भाषापाठ्यपुस्तकलाई शैक्षिक सत्र २०७९ बाट कक्षाकोठामा प्रयोगमा ल्याइएको पाइन्छ । यसमा वर्तमान समयको आवश्यकता, विद्यार्थीहरूका रुचि, क्षमता तथा मनोभावनारुपका विषयवस्तुलाई समेटिएको छ । निर्दिष्ट पाठ्यपुस्तकमा कथा, कविता, जीवनी, निबन्ध, व्यावहारिक लेखन (निवेदन), संवाद, वक्तृता, नियात्रा जस्ता विधागत पाठ र सोहीअनुरुपका नमुना अभ्यास, भाषा तTव, सिर्जनात्मक कार्यकलापलाई पनि समेटिएको छ । यस क्रममा निर्दिष्ट पाठ्यपुस्तकमा भाषापाठ्यक्रममा निर्देश गरेअनुपका चार ओटा कथा, तीन ओटा कविता, दुई ओटा निबन्ध, एक ओटा नियात्रा, दुईवटा जीवनी, एक/ एक ओटा संवाद र वक्तृता एवम् व्यावहारिक लेखन दुई गरी १६ वटा फरक फरक विधाका पाठहरुलाई समाविष्ट गरिएको छ । त्यस पाठसम्बद्ध नमुना अभ्यासहरू राखिएका छन् । विद्यार्थीहरूमा सुनाइ सिप विकासका लागि विधागत पाठपश्चात् सुनाइ पाठहरू राखिएका छन्, जुन मूल पाठसँग सम्बन्धित छन् ।

यो पाठ्यपुस्तकलाई पूर्ववर्ती पाठ्यपुस्तकका तुलनामा बढी व्यावहारिक तथा कार्यकलापमूखी बनाउन खोजिएको छ । विद्यार्थीहरुलाई धेरैभन्दा धेरै अभ्यासात्मक एवम् सिर्जनात्मक कार्यमा संलग्न गराउन खोजिएको छ । अतः प्रस्तुत पाठ्यपुस्तकले विद्यार्थीहरुमा भाषिक सिपको विकास गर्न, बोध तथा अभिव्यक्ति क्षमताको विकास गर्न, सिर्जनात्मक एवम् रचना कौशलको विकास गर्न, शब्दभण्डार क्षमताको विकास गर्न मद्धत पुऱ्याउने ठानिएको छ । प्रस्तुत लेखमा निर्दिष्ट भाषापाठ्यपुस्तक भाषापाठ्यक्रम अनुरूपताका आधारमा के कस्तो छ भनी विश्लेषण गरिएको छ । प्राप्त तथ्यहरूलाई निष्कर्षमा प्रस्तुत गरिएको छ ।

## अध्ययनको उद्देश्य

प्रस्तुत लेखको उद्देश्य पाठ्यक्रम अनुरूपताका आधारमा कक्षा नौको नेपाली भाषापाठ्यपुस्तकको विश्लेषण गर्नु रहेको छ ।

## अध्ययन विधि

प्रस्तुत लेख गुणात्मक अनुसन्धान ढाँचामा आधारित रही तयार पारिएको छ । यसमा सामग्री सङ्कलनका लागि मूलतः पुस्तकालयीय अध्ययन कार्य/ विधिलाई अवलम्वन गरिएको छ
अध्ययनसँग सम्बन्धित सामग्रीहरु प्राथमिक र द्वितीयक गरी दुबै स्रोतबाट सङ्कलन गरिएको छ । यस क्रममा प्राथमिक स्रोतका रूपमा कक्षा नौको वर्तमान नेपाली भाषापाठ्यपुस्तकलाई लिइएको छ । त्यसैगरी सम्बन्धित विषय विज्ञहरुका सुझावहरुलाई पनि यसमा प्राथमिक स्रोतका रुपमा समेटिएको छ । यसमा सम्बन्धित विषयका प्रकाशित पुस्तकहरू, शोधग्रन्थ, पत्रपत्रिकामा प्रकाशित लेख तथा रचनाहरू, इन्टरनेटबाट प्राप्त सूचनालाई द्वितीयक स्रोतका रूपमा उपयोग गरिएको छ । यसमा वर्णनात्मक र विश्लेषणात्मक विधि अपनाई प्राप्त सामग्रीहरुको व्याख्या तथा विश्लेषण गरिएको छ ।

## सैद्धान्तिक परिचय

भाषापाठ्यपुस्तक भाषापाठ्यक्रममा आधारित भई तयार पारिन्छ । यो भाषापाठ्यक्रमका उद्देश्य परिपूर्ति गर्नमा केन्द्रित हुन्छ । यसको मुख्य सरोकार पाठ्यक्रमका उद्देश्य पक्षसँग रहेको हुन्छ (शर्मा, २०६३, पृ.१५) । यसलाई खास तह र कक्षामा भाषा सिकाइका निम्ति तयार गरिएको महTवपूर्ण सामग्रीका रूपमा बुझ्न सकिन्छ । विद्यार्थीहरूमा भाषाका सुनाइ, बोलाइ, पढाइ र लेखाइ गरी चार सिपको विकास गर्ने हेतुले यसको निमार्ण गरिएको हुन्छ । भाषापाठ्यपुस्तकमा ज्ञानभन्दा ज्यादा सीपलाई जोड दिइन्छ (भण्डारी र पोखरेल, २०७५: पृ.२४०) । यसमा पाठ्यक्रमले निर्देश गरे अनुसारका साहित्यिक र साहित्येतर विषयवस्तुलाई समावेश गरिएको हुन्छ । यसले सिकारुमा बोध तथा अभिव्यक्ति क्षमताका साथै शब्दभण्डार क्षमताको विकासमा उच्चतम् भूमिका खेलेको हुन्छ । यसैगरी सिर्जनात्मक एवम् रचनात्मक क्षमताको विकासमा पनि त्यत्तिकै मद्दत पुऱ्याउँदछ । विषयगत विविधता, विधागत विविधता, नमुना अभ्यासगत विविधता, शैलीगत नवीनता, सिर्जनात्मक कार्यकलापतर्फ उन्मुखता, भाषातTवगत नवीनता तथा रचनात्मकता आदि यसका मूल विशेषता बन्न पुगेको देखिन्छ ।

कुनै पनि तह, कक्षा वा समूहका लागि भाषा पाठ्यक्रमको मर्मअनुरूप विभिन्न भाषिक उद्देश्य राखेर शिक्षण गर्न भाषा पाठ्यपुस्तक तयार गरिएको हुन्छ (पौडेल, २०७३, पृ.१२७) । यस्तो पाठ्यपुस्तकमा साहित्यिक र साहित्येतर दुबै किसिमका सामग्रीको संयोजन भेटिन्छ । यस्तै विविध विधामा आधारित पाठहरु, फरक फरक क्षेत्रका विषयवस्तु तथा तदन्तर्गतका अभ्यास एवम् भाषातTव र सिर्जनात्मक अभ्यासलाई क्रमवद्ध र व्यवस्थित रुपमा राखिएको हुन्छ र तिनीहरुका बीचमा पूर्वापर सम्बन्ध समेत स्थापित गरिएको हुन्छ । विद्यालयको पठनपाठनमा सहयोगी बनेको भाषापाठ्यपुस्तक खास तह र कक्षाका विद्यार्थीहरूका रुचि, क्षमता, चाहना, आवश्यकता आदिलाई ध्यान दिएर सम्बन्धित विषयका विज्ञहरूद्वारा तयार पारिएको हुन्छ ।

भाषापाठ्यपुस्तक भाषापाठ्यक्रमका सैद्धान्तिक कुराहरूलाई व्यावहारिक कार्यकलाप तथा प्रक्रियामा ढालेर उद्देश्य पूरा गर्न सहयोग पुऱ्याउने भरपर्दो सामग्री हो (पौडेल, २०७३: पृ.१२७) भन्न सकिन्छ । यो सरल, सहज, विश्वसनीय, सुलभ, रुचिपूर्ण र भरपर्दो साधन हो । त्यस्तै भाषिक र भाषेतर विषयको संयोजन गरी पर्याप्त अभ्यास र पुनरावृत्तिको अवसर दिई भाषिक सीपहरु हासिल गराउने माध्यम भाषापाठ्यपुस्तक हो (ढकाल, २०६९/७०, पृ.११८) । यसले सिकारुहरुमा भाषापाठ्यक्रममा निर्देश गरेका सक्षमताहरु, कक्षागत सिकाइ उपलब्धिहरु आदि हासिल गराउन मद्धत पुऱ्याउँछ । यो मूलतः पाठ्यक्रम कार्यान्वयनको भरपर्दो सामग्री हो । यो शिक्षक तथा विद्यार्थीका लागि मार्गनिर्देशन गर्ने साधन पनि हो । भाषिक सीप विकास गर्ने उद्देश्यले राखिएका अभ्यासहरू मूल पाठसँग सम्बन्धित र स्पष्ट हुनुका साथै पहिचानात्मक (सैद्धान्तिक) नभई प्रयोगात्मक (व्यावहारिक) हुनु राम्रो ठानिन्छ (ढुङ्गेल र दाहाल, २०७४, पृ.१२५) । नेपालका सन्दर्भमा विद्यार्थीहरूमा भाषिक सीप क्षमता विकास गर्ने, ज्ञान, बोध ,धारणा र अभिव्यक्ति कौशलको विकास गर्ने, शिक्षण सिकाइलाई व्यवस्थित र प्रभावकारी बनाउने, रचनात्मक तथा सिर्जनात्मक कार्यमा प्रवृत्त गराउने, भाषिक परीक्षण र मूल्याङ्कनलाई व्यवस्थित र प्रभावकारी बनाउने, स्वाध्ययन गर्ने बानीको विकास गर्न सहयोग पुऱ्याउने जस्ता विविध अभिप्रायले विभिन्न तह वा कक्षाका लागि छुट्टाछुट्टै पाठ्यपुस्तक तयार पारी कार्यान्वयनमा ल्याइएको छ ।

## व्याख्या विश्लेषण

माध्यमिक तह अन्तर्गत कक्षा नौको पाठ्यपुस्तक माध्यमिक शिक्षा (कक्षा ९ र १०) पाठ्यक्रम २०७८, मा आधारित भई तयार पारिएको हो । यो पाठ्यपुस्तक २०७९ बाट कक्षाकोठामा प्रयोगमा आएको छ । माध्यमिक शिक्षा पाठ्यक्रममा नेपाली विषयसँग सम्बन्धित तहगत सक्षमतालाई ९ बुँदामा समेटिएको छ । त्यसैगरी सिकाइ उपलब्धिलाई हेर्दा कक्षा नौमा सुनाइ र बोलाइ सीप अन्तर्गत २३, पढाइ सिप

अन्तर्गत १९ र लेखाइ सिप अन्तर्गत २१ गरी जम्माजम्मी ६३ बुँदामा सिकाइ उपलब्धि समावेश गरिएको छ । त्यसैगरी निर्दिष्ट सिकाइ उपलब्धि प्राप्त गर्न यस पाठ्यक्रममा विधाको क्षेत्र तथा क्रम र विस्तृतीकरण शीर्षकमा विविध विषयहरू राखिएका छन् । यसैगरी  सिकाइ सहजीकरण प्रक्रियाअन्तर्गत भाषिक सिपमा आधारित क्रियाकलाप, विधाका माध्यमबाट सिपहरूको शिक्षण, बहुबौद्धिकता, समालोचनात्मक चिन्तन आदि निर्देश गरिएको छ ।  यसैगरी विद्यार्थी मूल्याङ्कन प्रक्रिया अन्तर्गत आन्तरिक मूल्याङ्कन र बाह्य मूल्याङ्कन जस्ता पक्षहरुलाई व्यवस्थित तरिकाले प्रस्तुत गरिएको छ । अतः पाठ्यक्रममा उल्लिखित सक्षमता तथा भाषिक सिकाइ उपलब्धिहरू र अन्य पक्षहरू पुरा गराउने सन्दर्भमा निर्दिष्ट पुस्तक केकस्तो छ भनी फरक फरक शीर्षकमा विश्लेषण गरिएको छ ।

**तहगत सक्षमता अनुरूपता**

माध्यमिक शिक्षा (कक्षा ९ र १०) पाठ्यक्रम, २०७८ अन्तर्गत नेपाली विषयको पाठ्यक्रममा कक्षा नौ र दशका लागि एकीकृत रूपमा ९ ओटता तहगत सक्षमताहरू उल्लेख गरिएका छन् । निर्दिष्ट तहगत सक्षमताहरू नेपाली विषयको अध्ययनपश्चात् हासिल हुने अपेक्षा गरिएको छ । उक्त सक्षमताहरू भाषिक सीपगत एकीकृत स्वरूपमा प्रस्तुत गरिएका छन् । निर्दिष्ट सक्षमताहरु प्राप्तिका निम्ति कक्षा ९ र १० का लागि भाषापाठ्यक्रम अनुरूप तयार पारिएका छन् । यस सन्दर्भमा कक्षा नौका लागि निर्मित नेपाली पाठ्यपुस्तकमा १६ ओटा पाठहरू समावेश गरिएका छन् । जुन कथा, कविता, निबन्ध, जीवनी, चिठी आदि विविध स्वरूपका देखिन्छन् । विधागत विविधता भेटिने उक्त पाठहरू तथा त्यस सम्बद्ध नमुना अभ्यास र भाषातTवलाई समाविष्ट गरिएको छ । त्यसो त सुनाइ सिप विकासका लागि अन्त्यमा सुनाइ पाठ राखिएको छ । पाठ छनोटमा विविधता तथा स्तरणगत सचेतता अपनाइएको छ । विषयगत क्षेत्रले विद्यार्थीहरूमा सुनाइ, बोलाइ, पढाइ तथा लेखाइ सीप निबद्ध एकीकृत सक्षमता प्राप्त गराउन सहायता प्रदान गर्ने देखिन्छ । सक्षमतामा उल्लेख्य साञ्चारिक सीप, कथ्य सीप, लेख्य सीप, सम्प्रेषण कला, विचार विनिमय कला, आलोचनात्मक कला, भाषा तTवगत सक्षमता जस्ता बहुविध पक्षहरू यिनै विषय क्षेत्रद्वारा प्राप्त गर्न सहज हुने देखिन्छ । छनोट तथा स्तरण गरिएका विषयवस्तु, त्यसको भाषा संरचना र शब्दभण्डार, वर्णविन्यास, भाषातTव जस्ता पक्षमा रचनामूलक दृष्टिकोण अपनाइएको छ । स्रोतसाधन सहज उपलब्धता, समयको सीमितता, निर्देशनगत अस्पष्टता आदिका कारण कतिपय तहगत सक्षमता प्राप्तिमा केही कठिनाइ हुन सक्ने भए पनि पाठ्यपुस्तकको समस्त पक्ष निर्दिष्ट भाषापाठ्यक्रममा तोकिएका सक्षमता प्राप्तितर्फ उन्मुख देखिएको छ ।

**कक्षागत सिकाइ उपलब्धिगत अनुरूपता**

माध्यमिक शिक्षा (कक्षा ९ र १०) पाठ्यक्रम, २०७८ लाई हेर्दा कक्षा ९ र १० का लागि छुट्टाछुट्टै कक्षागत सिकाइ उपलब्धिहरू प्रस्तुत गरिएको छ । यसक्रममा कक्षा ९ का लागि सुनाइ र बोलाइसँग सम्बन्धित जम्मा २३, पढाइसँग सम्बन्धित १९ र लेखाइसँग सम्बन्धित २१ ओटा कक्षागत सिकाइ उपलब्धिहरू समाविष्ट गरिएको छ ।  उक्त सिकाइ उपलब्धिहरू छुट्टाछुट्टै प्रस्तुत गरिएको भए पनि भाषाका चारै सिपलाई एकआपसमा अन्तरसम्बन्धित हुने गरी बनाइएको छ । यी सिकाइ उपलब्धिहरूका लागि निर्दिष्ट पाठ्यपुस्तकमा विविध विधागत पाठहरू र सोही प्रकृतिअनुरुपका नमुना अभ्यास, भाषातTव तथा सिर्ननात्मक अभ्यासहरू दिइएको छ । सुनाइ सिप विकासका लागि विधागत पाठपश्चात् अन्त्यमा सुनाइ पाठ दिइएको छ र त्यससम्बद्ध अभ्यास मूल पाठका अभ्याससँग सम्बन्धित गराएर गराएर राखिएको छ । भाषापाठ्यक्रममा निर्दिष्ट उपलब्धि हासिल गर्न पाठ छनोटमा तथा स्तरणमा सचेतता अपनाइएको छ । यससन्दर्भमा सुनाइ, बोलाइ, पढाइ एवम् लेखाइ सीप निबद्ध उपलब्धि हासिल गराउन पाठको प्रस्तुतीकरण,

नमुना अभ्यास, सिर्जनात्मक कार्य, भाषातTव रचनात्मक कार्य आलोचनात्मक चिन्तन, आदिको व्यवस्था गरिएको छ । यसैगरी चारै सिप निबद्ध हुने गरी पुस्तकमा पाठसम्बद्ध श्रुति बोध, ,श्रुति लेखन, श्रुति रचना, अनुलेखन, शुद्ध उच्चारण, सस्वर पठन, मौन पठन, पठन बोध, वाक्य रचना, बुदाँ टिपोट, सारांश लेखन, अनुच्छेद लेखन, उत्तर लेखन, भाव विस्तार घटना वर्णन, अनुभव वर्णन, पत्र लेखन, नमुना कथा, कविता, निबन्ध, जीवनी लेखनलाई समेटिएको छ । यस्तै भाषातTव अन्तर्गत विविध क्षेत्र पहिचान र प्रयोग आदि कार्यकलापहरुसँग सम्बन्धित बनाएर प्रस्तुत गरिएको छ । प्रत्येक पाठका अन्त्यमा राखिएका नमुना अभ्यासहरु सिकारुमा भाषिक सिपको विकासमा केन्द्रित देखिन्छन् । सुनाइ र बोलाइ सिप निर्दिष्ट उपलब्धि हासिल गराउन भाषा पाठ्यपुस्तकमा सुनाइ, बोलाइसम्बन्धी पृथक्- पृथक् खण्डमा नमुना अभ्यासको व्यवस्था गरिएको छ । त्यसैगरी पढाइ र लेखाइ सिपको विकास गराउन पनि सोहीअनुसारका पर्याप्त मात्रामा नमुना अभ्यासलाई समाविष्ट गरिएको छ । पुस्तकमा समाविष्ट व्याकरणिक पक्षले पनि उल्लिखित सिपहरू हासिल गर्न सहयोग पुग्ने देखिन्छ । प्रत्येक पाठानुरुपका सिर्जनात्मक अभ्यासको व्यवस्था गर्नुले पनि भाषिक सिपहरुको विकासमा उच्चतम् भूमिका खेल्ने ठानिएको छ । यसरी प्रस्तुत भाषापाठ्यपुस्तमा रहेका विविध विधागत पाठहरु, यसमा समाविष्ट नमुना अभ्यास, प्रयुक्त भाषातTव, सिर्जनात्मक कार्यकलापहरू, प्रयोगात्मक कार्यकलाप आदि भाषा पाठ्यक्रमले निर्दिष्ट गरेका सिकाइ उपलब्धि हासिलमा उन्मुख रहेको देखिन्छ । तुलनात्मक रुपमा कतिपय पाठ, पाठगत कार्यकलाप तथा नमुना अभ्यासमा सुनाइ, पढाइ सीपनिबद्ध कार्यकलापहरु प्रशस्त मात्रामा नरहेको देखिन्छ । यसैगरी भाषिक सीप परीक्षणका लागि स्पष्ट निर्देशन तथा त्यसको कार्यान्यवनमा प्रविधि प्रयोग बारे अस्पष्टता देखिन्छ । व्याकरण खण्डअन्तर्गत समाविष्ट कतिपय अभ्यास कुन सीप निबद्ध हो भन्ने कुरामा अन्योलता भेटिन्छ । समग्रतः निर्दिष्ट भाषापाठ्यपुस्तक भाषापाठ्यक्रम अनुरूप रहेको देखिन्छ ।

**विधाको क्षेत्र तथा क्रम र विस्तृतीकरणका आधारमा अध्ययन**

माध्यमिक शिक्षा (कक्षा ९ र १०) पाठ्यक्रम, २०७८ मा कक्षा नौको नेपाली भाषापाठ्यक्रममा विधाको क्षेत्र तथा क्रम र विस्तृतीकरण शीर्षकअन्तर्गत जम्मा १६ ओटा विधा, त्यस अन्तर्गतको क्षेत्र (बोध र अभिव्यक्ति), भाषिक संरचना र वर्णविन्यास, भाषिक प्रकार्य जस्ता कुराहरू उल्लेख गरिएका छन् । विधा छनोट गर्दा कविता, कथा, निबन्ध, व्यावहारिक लेखन, जीवनी (राष्ट्रिय), संवाद, कथा, कविता, नियात्रा गरी चक्रिय रूपमा राखिएका छन् । पूर्ववर्ती पुस्तकका तुलनामा यसमा नियात्रा थप गरिएको छ । व्यावहारिक लेखन सम्बद्ध अभ्यासमा जोड दिन खोजिएको छ । विधागत क्षेत्रलाई हेर्दा फरक फरक खालका क्षेत्रलाई समेटिएको देखिन्छ । यसमा तिनीहरुको क्रमलाई चक्रिय रूपमा प्रस्तुत गरिएको छ भने बोध अभिव्यक्ति तथा भाषा संरचना/ भाषातTव र सिर्जनात्मक क्रियाकलापलाई पनि सोहीअनुरुप क्रमिक रुपमा प्रस्तुत गरिएको छ । अतः विवेच्य पाठ्यपुस्तक पनि भाषापाठ्यक्रमको अपेक्षा र तिनले निर्देश गरेअनुरुपका विधा, त्यसको क्षेत्र तथा क्रमलाई सोहीअनुरुप तयार पारिएको भेटिन्छ । प्रस्तुत भाषापाठ्यपुस्तकमा पाठ्यक्रमले निर्देश गरे अनुरूप नै कविता (मेघ बिजुली विवाह) बाट सुरु गरिएको छ । तत्पश्चात् कथा (स्वाद), निबन्ध( करेसाबारी) गर्दै क्रमिक रुपमा राखिएका छन् । यस क्रममा पाठ्यक्रममा उल्लेख भए अनुरुप जम्मा १६ वटा पाठ समाविष्ट गरिएका छन् । यसमा विधाको छनोट गर्दा विद्यार्थीहरूको रुचि, क्षमता, आवश्यकता आदिलाई ख्याल गरिएको छ । प्रायः बालबालिकाहरुको रुची अनुसार नै फरक फरक विषयका कथा र सोहीअनुरुपका कविता, निबन्ध जस्ता विधाहरुलाई प्राथमिकता अनुसार राखिएको छ । यसरी एउटै विधामा पनि फरक फरक खालका विषय क्षेत्रलाई समेटेर पाठ्यपुस्तक तयार पारिएको हुँदा

विद्यार्थीको रुचि बढेको छ। निर्दिष्ट पुस्तकमा प्रयुक्त विधागत पाठहरू आयामका दृष्टिकोणले विद्यार्थीहरुको स्तरअनुरुप नै देखिन्छन्। अभ्यासहरू पनि स्तर अनुरूप देखिन्छन्। यसक्रममा उक्त विधागत पाठ र त्यससम्बद्ध नमुना अभ्यास र भाषा संरचना एवम् सिर्जनात्मक क्रियाकलापहरुले विद्यार्थीहरुमा चार ओटै भाषिक सिप विकासमा भूमिका खेल्ने ठानिएको छ। निर्दिष्ट पाठ्यपुस्तकमा मूल पाठ पश्चात् सुनाइ पाठ राखिएको छ ,जुन कुरामा पूर्ववर्ती पुस्तकमा भन्दा नवीनता भेटिन्छ। विद्यार्थीमा लयबद्ध क्षमता तथा उच्चारण, सस्वर पठा र मौन पठन विकासका लागि कविता, कथा, संवाद उपयोगी भएका छन्। यस्तै द्रुत पठनका लागि निबन्ध उपयोगी बनेका छन्। समग्रमा प्रस्तुत भाषापाठ्यपुस्तक भाषापाठ्यक्रमा निर्दिष्ट विधाको क्षेत्र तथा क्रम र विस्तृतीकरण अनुरुपताका आधारमा सबल भेटिन्छ।

**सिकाइ सहजीकरण प्रक्रियागत अनुरूपता**

माध्यमिक शिक्षा (कक्षा ९ र १०) पाठ्यक्रम, २०७८ मा सिकाइ सहजीकरण प्रक्रिया अन्तर्गत विविध क्रियाकलापलाई नवीनतम् ढङ्गमा प्रस्तुत गरिएको छ। सिकाइ सहजीकरण प्रक्रियालाई कक्षागत रुपमा नभई तहगत रुपमा एकीकृत ढाँचामा उल्लेख गरिएको छ। सिकाइ सहजीकरणका लागि भाषिक सिपमा आधारित क्रियाकलाप, विधाका माध्यमबाट सिपको शिक्षण (आख्यानात्मक पाठ, लयबद्ध पाठ, जीवनीपरक पाठहुँदै भाषिक संरचना, शब्दभण्डार) बहुबौद्धिकता, समालोचनात्मक चिन्तन, सहकार्यात्मक (व्यक्ति र समूह कार्य), सोधपुछ तथा प्रश्नोत्तर, पूर्णशारीरिक क्रिया/अभिनय, स्वाध्ययन र छलफल, प्रयोगात्मक तथा खोज कार्य जस्ता प्रक्रियालाई अवलम्बन गर्नु पर्ने भनिएको छ। सिपमा आधारित क्रियाकलापमा जोड दिन खोजिएको छ। भाषा सिकाइका निम्ति प्रस्तुतीकरण र अभ्यासमा सरिक बनाउन निर्देश गरिएको छ। यस सन्दर्भमा कक्षा नौको नेपाली भाषापाठ्यपुस्तक पनि उक्त कुराहरुमा ध्यान दिएर तयार पारिएको देखिन्छ। यसक्रममा सिकारुमा भाषिक सिप विकासका लागि उनीहरूलाई श्रुतिबोध, श्रुतिलेखन, शुद्धोच्चारण, पठनबोध, प्रश्नोत्तर, बुँदा टिपोट, सारांश लेखन, घटना वर्णन, अनुभव वर्णन, निबन्ध लेखन, पत्र लेखन, संवाद लेखन, भाषिक संरचना पहिचान र प्रयोग वर्णविन्यास जस्ता कुराहरुमा अभ्यस्त गराउन खोजिएको छ। माथि उल्लिखित कुराहरु सिकाइ सहजीकरणका लागि उनीहरुलाई आवश्यकताअनुसार व्यक्तिगत र सामूहिक कार्यकलातर्फ उन्मुख गराउन खोजिएको छ। भाषातTव शिक्षणका लागि प्रस्तुतिकरण, छलफल/अभ्यास, पहिचान, प्रयोग र पृष्ठपोषण जस्ता क्रियाकलामा सरिक गराउन खोजिएको छ। पाठ्यवस्तुलाई सैद्धान्तिक भन्दा व्यावहारिक तरिकाले शिक्षण गर्न, गराउन खोजिएको छ। सिकाइलाई सरलताबाट जटितलाको क्रममा राखिएको छ। हरेक पाठ र त्यससम्बद्ध अभ्यासात्मक कार्यकलाप सिपमा आधारित छन्। यसैगरी विद्यार्थीहरूमा समालोचनात्मक चिन्तनको विकास गराउने पाठ तथा अभ्यास राखिएका छन्। कतिपय विषय क्षेत्रको सिकाइका लागि स्पष्ट निर्देशनको आवश्यकता पर्ने देखिन्छ। समग्रतः विवेच्य पाठ्यपुस्तक सिकाइ सहजीकरण प्रक्रियाका आधारमा उपयुक्त देखिएको छ।

**विद्यार्थी मूल्याङ्कन प्रक्रिया अनुरुपता**

विद्यार्थीको भाषा सिकाइ उपलब्धि पहिचानका लागि मूल्याङ्कन प्रक्रिया महTवपूर्ण मानिन्छ। यस सन्दर्भमा माध्यमिक शिक्षा (कक्षा ९ र १०) पाठ्यक्रम, २०७८ मा विद्यार्थी मूल्याङ्कन प्रक्रियालाई अन्त्यमा राखिएको छ। यसलाई पनि तहगत रुपमा एकीकृत ढङ्गले प्रस्तुत गरिएको छ। पाठ्यक्रममा निर्णयात्मक मूल्याङ्कनका लागि १०० अङ्कभार निर्धारण गरिएको छ। जसमध्ये २५ अङ्क आन्तरिक मूल्याङ्कनका लागि र ७५ अङ्क बाह्य मूल्याङ्कनका लागि सैद्धान्तिक परीक्षणका लागि छुट्याइएको छ। यस क्रममा आन्तरिक मूल्याङ्कन प्रयोगात्मक पक्षसँग र बाह्य मूल्याङ्कन सैद्धान्तिक पक्षसँग सम्बन्धित देखिन्छ। आन्तरिक मूल्याङ्कनमा सहभागिता, सिर्जना/परियोजना कार्य तथा सुनाइ र बोलाइ सिपको परीक्षण

गर्ने तथा सैद्धान्तिक परीक्षणअन्तर्गत पढाइ र लेखाइ सीपको परीक्षण गर्नु पर्ने उल्लेख गरिएको छ। मूल्याङ्कन गर्दा भाषिक सिप निबद्ध मूल्याङ्कन गर्नु पर्ने कुरा निर्देश गरिएको छ। यस्तै भाषिक क्षेत्र र त्यसको अङ्कभार पनि स्पष्ट रुपमा उल्लेख गरिएको छ। जसमा ७५ प्रतिशतको मूल्याङ्कनमा शब्दभण्डार, वर्णविन्यास, भाषिक संरचना, पठनबोध, निर्देशित रचना, व्यावहारिक लेखन, बुँदा टिपोट र सारांश लेखन, पाठगत बोध, भावविस्तार, व्याख्या, समीक्षात्मक उत्तर, निबन्ध लेखनलाई आधार मानेर गर्नु पर्ने भनिएको छ। भाषापाठ्यक्रममा निर्देशित पक्षहरुलाई ध्यान दिई कक्षा नौको नेपाली भाषापाठ्यपुस्तक तयार पारिएको छ। निर्दिष्ट पुस्तकमा भाषिक सिप परीक्षण लागि विभिन्न किसिमका विधागत पाठ, त्यससँग सम्बन्धित नमुना अभ्यास, भाषातTव पहिचान र प्रयोग सम्बद्ध अभ्यास राखिएका छन्। नमुना अभ्यास अन्तर्गत समाविष्ट प्रश्नहरु मूल्याङ्कनका लागि ज्यादै सान्दर्भिक र भाषिक सिप परीक्षणका लागि निकै उपयोगी देखिएका छन्। अन्त्यमा राखिएका सुनाइ पाठ पनि मूल्याङ्कनका लागि सहयोगी बनेका छन्। निर्दिष्ट पाठ्यपुस्तकमा विधागत पाठहरू र त्यस पाठनिबद्ध श्रुति वर्णन, श्रुति लेखन, शुद्धोच्चारण, भाषा संरचना, वर्णविन्यास, शब्दभण्डार, पठनबोध, मौखिक र लिखित उत्तरात्मक प्रश्न, बुँदा टिपोट, सारांश लेखन, भाव विस्तार,/व्याख्या, घटना वर्णन, सिर्जनात्मक कार्यलाई समेटिएको छ। विषयवस्तुको ज्ञान, बोध, प्रयोगका लागि व्यक्तिगत र सामूहिक कार्यकलाप त्यसमा पनि प्रश्नोत्तर तथा छलफलमा सरिक बनाउन खोजिएको छ। यसरी मूल पाठ, त्यस सम्बद्ध विभिन्न अभ्यासहरूका माध्यमबाट प्रयोगात्मक र सैद्धान्तिक गरी दुवै खालको मूल्याङ्कन गर्ने गरिएको भेटिन्छ। विशेषतः सैद्धान्तिक परीक्षणका लागि पढाइ र लेखाइ सीपसँग सम्बन्धित रहने शब्दभण्डार, वर्णविन्यास, भाषा संरचना, पठनबोध, बुँदा टिपोट र सारांश लेखन, भावविस्तार/व्याख्या, उत्तर लेखन, स्वतन्त्र रचना जस्ता भाषिक क्षेत्रसँग सम्बन्धित कुराहरुलाई प्रत्येक विधागत पाठसँग सम्बन्धित बनाएर प्रस्तुत गरिएको छ। विवेच्य पुस्तकमा विद्यार्थीहरुमा भाषिक सिप विकासका अतिरिक्त समालोचनात्मक क्षमताको विकासका लागि आवश्यक परीक्षणीय विषय पनि समेटिएको छ। पाठ्यपुस्तकमा सुनाइ र बोलाइ सीप मूल्याङ्कनका निमित्त थप अभ्यास राख्न सके राम्रो हुने, तुलनात्मक रुपमा सैद्धान्तिक प्रकृतिको मूल्याङ्कनमा बढी जोड दिन खाजिएको हुँदा प्रयोगात्मक प्रकृतिका अभ्यास थप गर्न सके निर्दिष्ट पाठ्यपुस्तक अझ प्रभावकारी बन्ने छ। समग्रतः निर्दिष्ट पाठ्यपुस्तक मूल्याङ्कन प्रक्रियाका आधारमा पाठ्यपुस्तक पाठ्यक्रमअनुरुप रहेको पाइन्छ।

## निष्कर्ष

कक्षा नौको वर्तमान नेपाली भाषापाठ्यपुस्तक माध्यमिक शिक्षा (कक्षा ९ र १०) पाठ्यक्रम, २०७८ मा आधारित रही तयार पारिएको हो। यो पाठ्यपुस्तक शैक्षिक सत्र २०७९ बाट कार्यान्वयनमा ल्याइएको हो। निर्दिष्ट पुस्तक भाषापाठ्यक्रमका अपेक्षाहरु प्राप्तितर्फ प्रवृत्त देखिन्छ। यसमा विविध विधामा आधारित जम्मा १६ वटा पाठहरु रहेका छन्। सोहीअनुरुपका भाषातTव, नमुना अभ्यास, सिर्जनात्मक अभ्यासहरु तथा अन्त्यमा सुनाइ सिप विकासका लागि सुनाइ पाठ राखिएका छन्। यसमा विधागत विविधता, विषयगत विविधता, नमुना अभ्यासगत विविधता, कार्यकलापगत विविधता, निर्देशनमा स्पष्टता, रचनामुखी व्याकरण जस्ता गुण भेटिन्छ। यसमा सिकारुलाई सिर्जनात्मक अभ्यासतर्फ प्रवृत्त गराउन खोजिएको छ। भाषिक सक्षमता तथा कक्षागत सिकाइ उपलब्धिको प्राप्तिका लागि सोही अनुरुपका पाठहरू समाविष्ट गरिएका छन्। पाठ्यक्रममा उल्लिखित विधाको क्षेत्र तथा क्रम र विस्तृतीकरणको प्रस्तुति अनुरूप नै पाठ्यपुस्तकमा पाठहरू राखिएका छन्। विधाका माध्यमबाट सिप विकासका लागि लयबद्ध पाठ, आख्यानात्मक पाठ, निबन्धात्मक पाठ, जीवनीपरक पाठ, व्यावहाकि लेखन आदि समावेश गरिएको छ। यसैगरी भाषिक सिपमा आधारित क्रियाकलापका लागि पाठसँग सम्बन्धित गराएर श्रुतिबोध, श्रुति लेखन, शब्दोच्चारण, पठनबोध, मौखिक तथा लिखित अभिव्यक्ति, शब्दभण्डार, भाषातTव आदि अभ्यासहरू राखिएका

छन् जुन विद्यार्थी मूल्याङ्कनका लागि उपयोगी देखिएका छन् । पूर्ववर्ती पुस्तकमा भन्दा यसमा सुनाइ पाठ, त्यससम्बद्ध अभ्यासहरू, व्यावहारिक लेखन सम्बद्ध क्षेत्र र त्यसको अभ्यासात्मक क्रियाकलापहरूमा बढी ध्यान पुऱ्याइएको छ । अभ्यासका लागि दिइएका क्रियाकलापहरू छलफल तथा प्रश्नोत्तरमा आधारित छन् । त्यस्तै अभ्यासहरू व्यक्तिगत र सामूहिक क्रियाकलापमा आधारित छन् । भाषातTव शिक्षणलाई रचनात्मक एवम् प्रयोगमुखी बनाउने प्रयत्न गरिएको छ । यसमा समाविष्ट अभ्यासात्मक क्रियाकलापहरु विद्यार्थी मूल्याङ्कनका लागि उपयोगी देखिएका छन् । बाह्य मूल्याङ्कनका लागि शब्दभण्डार, वर्णविन्यास, भाषिक संरचना, पठनबोध दृष्टांश, निर्देशित रचना, व्यावहारिक लेखन, भाव विस्तार लगायतका क्षेत्र निर्धारण गरे अनुरूप नै भाषापाठ्यपुस्तकमा प्रशस्त मात्रामा राखिएका छन् । यस पाठ्यपुस्तकमा यसै कक्षाका पूर्ववर्ती पुस्तकमा देखिएका कसरमसर हटाउने प्रयत्न गरिएको छ । यसमा केही कसरमसर देखिएको छ । यसैगरी विधागत छनोटमा सजगता अपनाइएको भए पनि तुलनात्मक रुपमा कतिपय विधागत पाठ भावबोधका दृष्टिले केही कठिन रहेको भेटिन्छ । प्रयोगात्मक अभ्यासहरू थप गर्नु पर्ने देखिन्छ । समालोचनात्मक चिन्तनका लागि अभ्यासात्मक कार्यकलापको अभाव लगायतका केही पक्षहरुमा केही सुधार आवश्यक देखिन्छ । यस्तै सैद्धान्तिक भन्दा पनि व्यावहारिक प्रकृतिका पाठहरु छनोट गर्दा बढी उपयागी हुने भएकाले विधागत पाठहरु छनोट गर्दा ध्यान दिनु आवश्यक देखिन्छ । यसैगरी प्रयोगात्मक परीक्षणका लागि अझ धेरै अङ्कभार छुट्याउनु र प्रयोगात्मक कार्यतर्फ उन्मुख गराउँदा सिकाइ उपलब्धिमूलक बन्न जाने देखिन्छ । तथापि पूर्ववर्ती पाठ्यपुस्तकका तुलनामा निर्दिष्ट पुस्तक व्यावहारिक, समसामयिक, कार्यकलापमूखी र नवीन खालको बन्न पुगेको देखिन्छ ।

**सन्दर्भ सामग्री**

अधिकारी, हेमाङ्गराज र भट्टराई बद्रीविशाल (२०६१), *प्रयोगात्मक नेपाली शब्दकोश,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

अधिकारी, हेमाङ्गराज (२०६७) *भाषा शिक्षण केही परिप्रेक्ष्य तथा पद्धति* (पाचौं सं.) काठमाडौ : विद्यार्थी पुस्तक भण्डार ।

आचार्य, माधवप्रसाद (२०६१/०६२), नेपाली भाषा शिक्षणमा पाठ्यपुस्तकको उपयोगिता, *सम्प्रेषण* (वर्ष-२, अङ्क-२), पृ.६४-६८ ।

कक्षा ९ को परिमार्जित पाठ्यक्रम, २०७८ मा आधारित *विशिष्टीकरण तालिका* (२०७८) भक्तपुर : पाठ्यक्रम विकास केन्द्र ।

ढकाल, शान्तिप्रसाद (२०६९/२०७०), *नेपाली भाषा पाठ्यक्रम, पाठ्यपुस्तक तथा शिक्षण पद्धति,* काठमाडौं : शुभकामना प्रकाशन ।

ढुङ्गेल भोजराज र दाहाल, दुर्गाप्रसाद (२०७४), *भाषा पाठ्यक्रम, पाठ्यपुस्तक तथा शिक्षण पद्धति,* काठमाडौं : एम. के. पब्लिशर्स एण्ड डिस्ट्रीब्युटर्स ।

पाठ्यक्रम विकास केन्द (२०७९), *नेपाली कक्षा ९,* भक्तपुर : पाठ्यक्रम विकास केन्द्र, ।

पोखरेल, कृष्णप्रसाद (२०७५), पाठ्यक्रम अनुरूपताका आधारमा कक्षा दसको नेपाली भाषापाठ्यपुस्तकको विश्लेषण, *मध्यविन्दु जर्नल* ।

पौडेल, माधवप्रसाद (२०७३), *भाषा पाठ्यक्रम, पाठ्यपुस्तक तथा शिक्षण पद्धति,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

बस्याल, प्रेमप्रसाद (२०६७), *सबैको नेपाली पाठ्यपुस्तकको सर्वेक्षणात्मक अध्ययन,* स्नातकोत्तर शोधपत्र, त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, कीर्तिपुर ।

भण्डारी, पारषमणि र पोखरेल, केशवराज (२०७५), *नेपाली शिक्षा पाठ्यक्रम दिग्दर्शन,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

माध्यमिक शिक्षा (कक्षा ९ र १०) पाठ्यक्रम २०७८, भक्तपुरः पाठ्यक्रम विकास केन्द ।

रिमाल, प्रभादेवी (२०७१), *पाठ्यक्रम अनुरुपताका आधारमा कक्षा सातको पाठ्यपुस्तकको अध्ययन,* स्नातकोत्तर शोधपत्र, त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, कीर्तिपुर शर्मा, केदारप्रसाद (२०६३), विद्यालय तहका भाषा पाठ्यक्रम-पाठ्यपुस्तक अनुरुपताको अध्ययनका आधारहरु : एक परिचय , *सम्प्रेषण* (वर्ष-३, अङ्क-३),पृ.१५-१७ ।

शर्मा, केदारप्रसाद र पौडेल, माधवप्रसाद (२०६८), *नेपाली भाषा र साहित्य शिक्षण,* काठमाडौंः विद्यार्थी पुस्तक भण्डार ।